# स्थानीय राजपत्र

खण्ड : २ | संख्या : ८ | मिति : २०७५/१०/१६

**भाग–२**

**सियारी गाउँ कार्यपालिका**

## अन्तर स्थानीयतह बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावना** :

आगलागी नियन्त्रणको लागि आवश्यक यन्त्र, उपकरणको व्यवस्था गरी सेवा प्रदान गर्नुपर्ने अवस्थामा बारुणयन्त्र तथा आवश्यक उपकरणको खरिद र व्यवस्थापन, सोको लागि आवश्यक जनशक्तिको व्यवस्थापनमा एक भन्दा बढी स्थानीयतहको सहभागिताको आधारमा बारुणयन्त्र सञ्चालन र व्यवस्थापन गर्न तथा सञ्चालनको व्यवस्थालाई भरपर्दो, प्रभावकारी र विश्वसनीय बनाउन वाञ्छनीय भएकोले, अन्तर स्थानीय तह बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ तर्जुमा गरी लागु गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “अन्तर स्थानीय तह बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि सम्बन्धित स्थानीय तहहरुको कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

(३) यो कार्यविधि सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिका र सियारी गाउँपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “स्थानीय तहहरु” भन्नाले सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिका र सियारी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) “बारुणयन्त्र” भन्नाले आगलागी नियन्त्रणको लागि प्रयोगमा ल्याईने मेशिनरी उपकरणलाई सम्झनु पर्छ ।

(ग) “समन्वय समिति” भन्नाले बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि गठित अन्तर स्थानीयतह समन्वय समितिलाई सम्झनु पर्छ ।

(घ) “अनुदान” भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदानको रकम समेत सम्झनु पर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले नगरपालिकाको हकमा नगर कार्यपालिका र गाउँपालिकाको हकमा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) “पदपुर्ति समिति” बारुणयन्त्र सञ्चालनको लागिकर्मचारी छनौटको लागि गठित समितिलाई सम्झनुपर्छ ।

**३. कार्यक्षेत्र :** बारुणयन्त्रको व्यवस्थापन, सञ्चालन, मर्मत सम्भार तथा आवश्यक परेको बखतमा आगलागी नियन्त्रण गर्ने गरी  सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिका र सियारी गाउँपालिका हुनेछ ।

तर, आवश्यक परेको बखतमा अन्य स्थानीय तहहरु तथा अन्य निकायमा सेवा पुऱ्याउन बाधा पर्ने छैन ।

## परिच्छेद-२
## सेवा सञ्चालन

**४. बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन :**

(१) अन्तर स्थानीय तह बिचको समन्वयमा बारुण यन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन गरिनेछ । जसको लागि,

(क) स्थानीय तहबाट लागत सहभागिता जुटाई नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा बारुणयन्त्र   खरिद गरी सञ्चालन गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम बारुणयन्त्र प्राप्तगर्न नसकेको खण्डमा नगरपालिका तथा गाउँपालिकाको बार्षिक कार्यक्रम भित्र समावेश गरी बारुणयन्त्र खरिद तथा सञ्चालनको व्यवस्था मिलाउन सकिनेछ ।

(ग) बारुणयन्त्र  तिनवटै स्थानीय तहको पायक पर्ने स्थानमा राखीने छ तर यो व्यवस्था नभएसम्म सि.न.पा.मा रहनेछ ।

(२) बारुणयन्त्रको व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई एकीकृत तवरबाट अघि बढाउन देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :

| | |
|---|---|
| (क) नगर प्रमुख (सिद्धार्थनगर नगरपालिका) | **-संयोजक** |
| (ख) अध्यक्ष (मायादेवी गाउँपालिका) | **-सदस्य** |
| (ग) अध्यक्ष (सियारी गाउँपालिका) | **-सदस्य** |
| (घ) प्रमुख प्रशासकीय अधिकृत (सिद्धार्थनगर नगरपालिका ) | **-सदस्य** |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत (मायादेवी गाउँपालिका) | **-सदस्य** |
| (च) प्रमुख प्रशासकीय अधिकृत (सियारी गाउँपालिका) | **-सदस्य** |
| (छ) जिन्सी शाखा प्रमुख (सिद्धार्थनगर नगरपालिका) | **-सदस्य सचिव** |

समन्वय समिति बैठकमा जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि र सम्बन्धित क्षेत्रका सुरक्षा निकायका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समन्वय समितिको बैठक कम्तिमा वर्षको ३ पटक बस्नेछ । तर आवश्यक परेको खण्डमा जुनसुकै बेलापनि बस्न सक्नेछ ।

(४) समन्वय समितिको काम, कर्तव्य र अधिकार :

(क) बारुणयन्त्र सञ्चालन तथा व्यवथापनको लागि बार्षिक बजेट तथा कार्यक्रम बनाई आ-आफ्नो स्थानीय तहबाट स्वीकृत गराउने ।

(ख) बारणयन्त्र सञ्चालनलाई व्यवस्थीत र प्रभावकारी बनाउन सुरक्षा लगायत विभिन्न सरकारी निकाय र संघ सस्थासंग समन्वय गर्ने ।

(५) बारुणयन्त्र व्यवस्थापन कार्यलाई सहज बनाउन देहाय बमोजिमको अन्तर स्थानीय तह बारुणयन्त्र सञ्चालन समिति गठन गरिनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत (सिद्धार्थनगर नगरपालिका ) **- संयोजक**

(ख) प्रमुख प्रशासकीय अधिकृत (मायादेवी गाउँपालिका ) **- सदस्य**

(ग) प्रमुख प्रशासकीय अधिकृत (सियारी गाउँपालिका) **- सदस्य**

(घ) विपद् व्यवस्थापनशाखाको शाखाप्रमुख (मायादेवीगाउँपालिका) **- सदस्य**

(ङ) विपद् व्यवस्थापन शाखाको शाखा प्रमुख (सियारी गाउँपालिका) **- सदस्य**

(च) विपद् व्यवस्थापन शाखाको शाखा प्रमुख (सिद्धार्थनगर नगरपालिका) **-सदस्य सचिव**

यस समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक र आवश्यकता अनुसार बस्न सक्नेछ ।

(६) अन्तर स्थानीय तह समन्वय समितिको समन्वय र परामर्शमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि बार्षिक बजेट तथा कार्यक्रम बनाउनु पर्नेछ ।

(७) अन्तर स्थानीय तह समन्वय समितिले बारुणयन्त्रको सञ्चालनलाई प्रभावकारी बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी वा अन्य सरकारी निकाय वा संघ संस्थासँग आवश्यक समन्वय गर्नेछ ।

५. अन्तर स्थानीय तह समन्वय समितिको काम, कर्तव्य र अधिकार :

(क) बारुणयन्त्र सञ्चालनको लागि बार्षिक बजेट तथा कार्यक्रम बनाई समन्वय समितिमा पेश गर्ने,

(ख) बारुणयन्त्र तथा जनशक्तिलाई प्रभावकारी ढंगले परिचालनको व्यवस्था मिलाउने,

(ग) विभिन्न सरकारी निकाय र संघ सस्थाहरुसंग आवश्यक समन्वय गर्ने,

(घ) बारुणयन्त्र सञ्चालन कोष बृद्धिका लागि पहल गर्ने ।

६. समितिहरुको बैठक तिन वटै स्थानीय तहमा आलोपालो गरी बस्न सक्नेछ ।

७. समितिहरुको बैठक भत्ता प्रचलित नियमानुसार हुनेछ ।

## परिच्छेद-३
## कोष सम्बन्धी व्यवस्था

### ८. कोष व्यवस्थापन :

(१) स्थानीय तहहरुको विपद व्यवस्थापनको लागि एक अन्तर स्थानीय तह बारुणयन्त्र सञ्चालन कोष रहनेछ । जसमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) स्थानीय तहहरुबाट समग्र विपद् व्यवस्थापनतथा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि बिनियोजित रकम,

(ग) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्था, चन्दा दाताहरुबाट प्राप्त रकम,

(२) कोष सञ्चालन गर्न पहिलो पटकको लागि तीन वटै स्थानीय तहबाट रु एक करोड दस लाख बराबरको कोष खडा गरिनेछ जसमा तपसिल बमोजिमको नगद सहभागिता रहनेछ :

(क) सिद्धार्थनगर नगरपालिका **– रु ७०।- लाख**

(ख) मायादेवी गाउँपालिका – **रु २०।- लाख**

(ग) सियारी गाउँपालिका – **रु २०।- लाख**

(३) कोषको रकम नेपाल राष्ट्र बैकद्धारा "क" वा "ख" वर्गको इजाजत प्राप्त कुनैपनि वैंकमा छुट्टै खाता खोलि जम्मा गरिने छ । कोषको संचालन सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत, मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत मध्ये एक जना र सिद्धार्थनगर नगरपालिकाको लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषबाट विपद् व्यवस्थापनका अन्य क्रियाकलापका अतिरिक्त विशेष गरी बारुणयन्त्र खरिद, सञ्चालन तथा व्यवस्थापन, नियमित मर्मत सम्भार, बारुणयन्त्र सेवा तर्फ कार्यरत कर्मचारीहरुको तलब, भत्ता, बैठक भत्ता तथा अन्य सुविधा र आगलागी नियन्त्रणका लागि आवश्यक अन्य सामाग्रीहरु खरीद तथा मर्मत सम्भारमा खर्च गर्न गरिनेछ ।

(५) कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-४
## जनशक्ति व्यवस्थापन र पदपुर्ति

### ९. जनशक्ति व्यवस्थापन :

(१) हाल सिद्धार्थनगर नगरपालिमामा बारुणयन्त्र संचालनका लागि मौजुदा जनशक्तिबाट नै ब्यवस्थापन गरिने छ ।

(२) बारुणयन्त्र तर्फ कर्मचारी भर्ना गर्दा स्थानीय तहहरुलाई दीर्घकालिन दायित्व सिर्जना नहुने गरी करार सेवामा सेवा करार गरी लिईनेछ ।

(३) कर्मचारीहरुलाई दिने सेवा सुविधा र कामगर्ने समय करार नामामा तोकिए बमोजिम हुनेछ ।

(४) बारुणयन्त्र अत्यावश्यक सेवाभित्र पर्ने भएको र बारुणयन्त्र सञ्चालनको लागि प्राविधिक क्षमताको आवश्यकता पर्ने भएकाले कर्मचारीको व्यवस्थापन गर्दा न्युनतम जनशक्तिको व्यवस्थालाई मध्यनजर गरी अनावश्यक तथा बोझिलो खर्च नपर्ने गरी जनशक्ति व्यवस्थापन गरिनेछ ।

(५) बारुणयन्त्र सञ्चालनको लागि आ.ब. २०७६/७७ नियम ११ (१) (क) को प्रतिवेदनका आधारमा हाल सिद्धार्थनगर नगरपालिकामा बारुणयन्त्र तर्फ कर्मचारी मध्ये १४ जना कर्मचारीहरुको तलव भत्ता लगायतको खर्च यस कोषबाट उपलब्ध गराउने, कोषबाट हुने खर्च मध्ये ६० प्रतिशत सि.न.पा., २० प्रतिशत मायादेवी गाउँपालिका र २० प्रतिशत सियारी गाउँपालिकाले कोषमा रकम जम्मा गरिनेछ । यसमा आवश्यकता अनुसार समन्वय समितिले हेरफेर गर्नेछ ।

तर माथी जुनसुकै कुरा लेखिएको भएता पनि हाल सि.न.पा. मा कार्यरत बारुणयन्त्रमा कार्यरत स्थायी कर्मचारीहरु अवकाश हुँदा उपदान लगायतका सबै सुविधाहरु सि.न.पा. बाट उपलब्ध गराईनेछ ।

### १०. पदपुर्ति समिति :

सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तीन वटै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सदस्य र समितिले तोके बमोजिमको एक जना सदस्य-सचिव रहने गरी कर्मचारी पदपुर्ति समिति हुनेछ ।

### ११. पदपुर्ति समितिको कामकर्तव्य र अधिकार :

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यविधि बमोजिम OandM survey गरी आवश्यक कर्मचारी दरबन्दी निर्धारण गर्ने ।

(ख) पदपुर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ग) पदपुर्ति कार्य तालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपुर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतीजा प्रकाशन गर्ने ।

(छ) नियुक्ति गर्ने ।

(२) पदपुर्ति समितिले पदपुर्तिका सम्बन्धमा अन्य आवश्यक कुराहरु आफै निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद-५

## विविध

१२. **संशोधन र हेरफेर :** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अबरोध आएमा समन्वय समितिले आवश्यक संशोधन हेरफेर गर्न सक्नेछ । संशोधन तथा हेरफेर गरिएको विषयलाई सम्बन्धित स्थानीय तहहरुको कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

**प्रमाणिकरण मिति : २०७५/१०/१६**

**आज्ञाले**

**मिन प्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**